प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
बालाजु स्कुल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी
बालाजु, काठमाण्डौ

**शैक्षिक शत्र २०८१/०८२ का लागि पूर्ण शूल्कीय तर्फ प्रवेश परीक्षाको लागि आवेदन फाराम भर्ने सम्बन्धि अत्यन्त जरुरी सुचना।**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय सानोठिमी, भक्तपुरको शैक्षिक शत्र २०८१/०८२ मा प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम र कोटाहरुमा पूर्ण शूल्कीय तर्फ प्रवेश परीक्षाको लागि आवेदन फाराम भर्ने सम्बन्धी मिति २०८१/०३/१५ गते प्रकाशित सुचना वमोजिम परिषद् परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिकाहरु २०८१ बमोजिम यस शिक्षालयमा संचालन भएका तपशिल वमोजिमका तह र कार्यक्रम तथा फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुको विवरण वमोजिम हुने गरी तोकिएको योग्यता पुगेका पढ्न चाहने ईच्छुक व्यक्तिहरुले यस शिक्षालयमा आई आफुले चाहेको तह र कार्यक्रमका लागि पुर्ण शुल्किय कोटा र शिक्षालयको लक्षित वर्ग सहुलियत कोटाहरुमा मिति **२०८१/०३/१५ गते देखि २०८१/०४/१३** गते भित्रमा रितपूर्वक आवेदन फाराम भर्नु हुन सम्वन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। साथै यस सम्वन्धी विस्तृत विवरण प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्वन्धी निर्देशिकाहरु २०८१ मा उल्लेख गरिएको हुंदा www.ctevtexam.org.np मा राखिएको भर्ना सम्वन्धी निर्देशिकाहरुको छुट्टा छुट्टै अध्ययन गर्नु हुन समेत अनुरोध छ।

**तपशिल:**

**यस शिक्षालयमा प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा संचालन भएका कार्यक्रम तथा जम्मा कोटा संख्या :**

**१. डिप्लोमा तथा प्रमाणपत्र तह तर्फका कार्यक्रमहरु:**

| क.सं. | कार्यक्रमको नाम | पुर्ण शुल्किय जम्मा भर्ना कोटा संख्या | (वर्गिकृत छात्रवृत्ति ,जेहेन्दार छात्रवृत्ति समेत) र लक्षित वर्ग सहुलियत जम्मा कोटा संख्या | पुर्ण शुल्किय तर्फ जम्मा लाग्ने शुल्क | लक्षित वर्ग सहुलियत कोटा तर्फ जम्मा लाग्ने शुल्क | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मेकानिकल इन्जिनियरिङ्ग | २६ | २२ | १,०५०००।०० | ५८,०६०।०० | |
| २ | सिभिल इन्जिनियरिङ्ग | २६ | २२ | | | |
| ३ | इलेक्ट्रिकल इन्जिनियरिङ्ग | २६ | २२ | | | |
| ४ | अटोमोवाइल इन्जिनियरिङ्ग | २६ | २२ | | | |
| ५ | मेकाट्रोनिक्स इन्जिनियरिङ्ग | १३ | ११ | | | |
| ६ | वायोमेडिकल इन्जिनियरिङ्ग | २६ | २२ | | | |
| ७ | अप्लाइड साइन्स | २६ | १४ | २०५०००।०० | नभएको | |

**२. प्रि डिप्लोमा तह तर्फका कार्यक्रमहरु:**

| क.सं. | कार्यक्रमको नाम | पुर्ण शुल्किय जम्मा भर्ना कोटा संख्या | वर्गिकृत छात्रवृत्ति र जेहेन्दार छात्रवृत्ति समेत | पुर्ण शुल्किय तर्फ जम्मा लाग्ने शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | मेकानिकल इन्जिनियरिङ्ग | ३६ | ४ | १०,८८०।०० | |
| २ | वाटर सप्लाई तथा स्यानिटेशन इन्जिनियरिङ्ग | ३६ | ४ | | |
| ३ | इलेक्ट्रिकल इन्जिनियरिङ्ग | ३६ | ४ | | |

..................
शिक्षालय प्रमुख

## डिप्लोमा तथा प्रमाणपत्र तहको पूर्ण शुल्कीय खुल्ला, लक्षितवर्ग, सहुलियत कोटा र प्रि-डिप्लोमा कोटाको आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु

(क) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को २ प्रति फोटो ।

(ख) न्यूनतम शैक्षिक योग्यता वा सो सरहको शैक्षिक प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

(ग) नागरिकता वा नावालिग वा जन्मदर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

(घ) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ङ) पूर्ण शुल्कीय लक्षितवर्ग कोटामा आवेदन फाराम भर्नेहरुले माथि उल्लेख भए बाहेक आफू पर्ने लक्षित वर्ग खुल्ने दफा ९ मा उल्लेख भए बमोजिमका थप कागजातकोप्रमाणित प्रतिलिपि ।

(च) आवेदन फाराममा पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरु अनिवार्य समावेश गर्नुपर्नेछ । आवश्यक प्रमाणपत्रहरु समावेश नगर्ने, सम्वन्धित वर्ग खुलेको कागजातहरु संलग्न नगर्ने, नक्कली कागजात पेश गर्ने परीक्षार्थीहरुको आवेदन फाराम स्वत: रद्ध हुनेछ ।

## प्रि-डिप्लोमा तहको पूर्ण शुल्कीय खुला कोटाको आवेदन फाराम साथ पेश गर्नुपर्ने आंवश्यक कागजातहरु:

(क) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को २ प्रति फोटो ।

(ख) न्यूनतम शैक्षिक योग्यता वा सो सरहको शैक्षिक प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

(ग) नागरिकता वा नावालिग वा जन्मदर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(घ) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणित प्रतिलिपि ।

(ङ) आवेदन फाराममा पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरु अनिवार्य समावेश गर्नुपर्नेछ । आवश्यक प्रमाणपत्रहरु समावेश नगर्ने, नक्कली कागजात पेश गर्ने परीक्षार्थीहरुको आवेदन फाराम स्वत: रद्ध हुनेछ ।